
FACTSHEET
No. 08 May 2022

# कृषकको लागि तथ्य पत्र

नं. ०८ ज्येष्ठ २०७९

# धानको गवारो



## परिचय :

मुख्यरुपमा गवारोको ४ प्रजातिहरुले धानमा आक्रमण गर्दछन् । ती हुन पहैँलो गवारो, Yellow stem borer, *Scirpophaga incertulas (Walker),* सेतो गवारा White stem borer, *Sesamia innotata (Walker),* धर्के गवारो, Striped stem borer, *Chilo suppressalis (Walker)* र गुलाबी गवारो, Pink stem borer, *Sesamia inferens (Walker)*। यहाँ विशेष गरि पँहेंलो गवारोको चर्चा गरिन्छ । यी गवारोहरु धानको नर्सरी, गाँज लाग्ने, फुल फुल्ने, र बाला लाग्ने सबै अवस्थाहरुमा लाग्न सक्छ ।

## पहिचान, अनुगमन तथा क्षतिको प्रकार :

» वयस्क पँहैलो गबारोको शरीर पराले रङ्को हुन्छ (चित्र नं १) ।

» लार्भाको रङ्ग फिक्का पहेंलो, शरिर चिल्लो र टाउको हल्का पहेंलो हुन्छ (चित्र नं २) ।

» यदि बाला आउने बेला सम्म दुइ फुलको समुह र त्यसपछि फुलको एउटा समुह प्रति २० गाँज देखा परेमा व्यवस्थापनको विधि अपनाउनु पर्छ । त्यसै गरि तीन पोथी पुतली र वा दश मृतगुवो प्रति दुई वर्ग मीटर भेटिएमा नियन्त्रण गर्नु पर्दछ ।

» गवारोहरुले धानको गुबोमा प्वाल पारेर भित्र पसेर नरम भाग खाने गर्दछन । बिरुवाको कलिलो अवस्थामा यस कीराले आक्रमण गरेमा मृत गुवोहरु (dead heart) देखिन्छन् र बिरुवाको फूल फुल्ने अवस्थामा आक्रमण गरेमा भुस मात्र भएको सेतो बाला (white head) देखिन्छन् (चित्र नं ३) ।

» त्यसै गरि गाँज तथा डाँठहरुमा मसिना प्वालहरु देखिन्छन् । यदि क्षति भएको धानको गाँजलाई तानेमा सजिलै फुत्त बहिर निस्कन्छ र च्यातेर हेरेमा त्यस भित्र जिवित लार्भा र प्युपाहरु देख्न सकिन्छ । त्यसै गरि कीराका विष्टाहरु पनि देख्न सकिन्छ (चित्र नं ४) ।

## व्यवस्थापन :

» नर्सरीमा र धान रोपाईको बेलामा पुतलीले पारेका फुलहरु नष्ट गर्न सकिन्छ । पातको टुप्पोमा पारेको फुलहरु नष्ट गर्न पातको टुप्पो काटेर रोप्नुपर्छ ।

» गबारो कीराहरुका प्राकृतिक शत्रुहरु जस्तै बारुला समुहका कीराहरु, शिकारी खपटेहरु, माइरिड र फोरिड पतेरोहरु, लामो सिगं भएका फट्याङ्ग्रा तथा माकुरा जस्ता जीबहरुको संरक्षण र संवर्धन गर्ने ।

» यी कीराहरुको क्षतिवाट छुटकारा पाउन छिटो पाक्ने र गवारो अवरोधक जातहरु लगाउने गर्नु पर्दछ ।

» एकल परजिवि किरा ट्राइकोग्रामा ५० हजार देखि १ लाख प्रति हेक्टरको दरले एक हप्ताको अन्तरमा ६ पटक छोडेमा यस कीराको नियन्त्रण गर्न सकिन्छ ।


» गबारो किराको हकमा सामान्यतया विषादिको प्रयोग गर्नु आवश्यक देखिंदैन । यदि परेमा कार्टाप हाईड्रोक्लोराइड ४% जी. आर. वा फिप्रोनिल ०.३% जी. आर. प्रति रोपनि १.२५ केजी प्रयोग गर्नु पर्दछ ।



चित्र नं. १: धानको पहेलो गवारोको वयस्क पुतली
श्रोत: http://www.icar-crida.res.in:8080/naip/ysb.jsp



चित्र नं. २: धानको पहेलो गवारोको लार्भा
श्रोत: https://www.naturepl.com/



चित्र नं. ३: धानको पहेलो गवारोको क्षति मृत गुवो र सेतो बाला
श्रोत: https://agritech.tnau.ac.in



चित्र नं. ३: धानको पहेलो गवारोको क्षति
श्रोत: https://plantix.net/en/library

तयारकर्ता:
विवेक सुनार
बाली संरक्षण अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

सम्पादन:
राजिवदास राजभण्डारी
वरिष्ठ बाली संरक्षण अधिकृत

फोन नं.: ०१-५५५३७९१, E-mail: centralaglab.sspp@gmail.com, Website: www.centralaglab.gov.np